कार्यपालिकाको बिसौं बैठक//स्थानः अध्यक्षज्यूको कार्यकक्ष

मितिः २०७९ साल फाल्गुण महिनाको ०१ गते सोमबार

समयः बिहान ११:०० बजे

अध्यक्षताः श्रीमान वेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष

उपस्थितिः

श्रीमान वेग प्रसाद गर्बुजा, अध्यक्ष

श्री लक्ष्मीदेवी घर्ती मगर पुन, उपाध्यक्ष

श्री हेमराज काफ्ले, प्रमुख प्रशासकीय अधिकृत

श्री टंक प्रसाद पुन, अध्यक्ष, वडा नं १

श्री उदय कुमार बुढाथोकी, अध्यक्ष, वडा नं २

श्री मोति प्रसाद बुढा, अध्यक्ष, वडा नं ३

श्री भेजेन्द्रमान पुन, अध्यक्ष, वडा नं ४

श्री मिम पुन, अध्यक्ष, वडा नं ५

श्री पथ बहादुर रोका, अध्यक्ष, वडा नं ६

श्री टक बहादुर पुन, अध्यक्ष, वडा नं ७

श्री मन कुमारी पुन, कार्यपालिका महिला सदस्य

श्री प्रतिक्षा वि.क., कार्यपालिका महिला सदस्य

श्री देवी पटेल, कार्यपालिका महिला सदस्य

श्री छरदेवी घर्ती, कार्यपालिका महिला सदस्य

श्री दल बहादुर खड्काथोकी, कार्यपालिका सदस्य

श्री अनुप गौचन, कार्यपालिका सदस्य तथा प्रवक्ता

आमन्त्रित उपस्थितिः

श्री सोम बहादुर खत्री, सूचना अधिकारी

श्री मनिष शर्मा अधिकारी, आ.ले.प. सहायक

प्रस्तावहरु:

१. रिक्त अ.न.मि. पदमा नियुक्ति सम्बन्धमा ।

२. व्यवसाय कर सम्बन्धी कार्यविधि सम्बन्धमा ।

३. झोलुङ्गे पुलको म्याद थप सम्बन्धमा।

४. जग्गा खरिदका लागि सहजीकरण समिति गठन सम्बन्धमा ।

५. विपद् व्यवस्थापन अन्तर्गत भुक्तानी सम्बन्धमा ।

६. कर्मचारी प्रोत्साहन वितरण सम्बन्धमा ।

७. आवधिक योजना निर्माण सम्बन्धमा ।

८. विविध

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३

निर्णय:

| निर्णय नं | निर्णयको व्यहोरा | कैफियत |
|---|---|---|
| १. | मालिका गाउँपालिकाद्वारा सञ्चालनमा रहेका निस्कोटस्थित सामुदायिक स्वास्थ्य एकाई एवम् वडा नं ३ स्थित पात्ले सामुदायिक स्वास्थ्य एकाईमा कार्यरत अ.न.मि. हरुले राजिनामा दिएको र उक्त पदहरु रिक्त हुन आएकोले वडा नं ३ स्थित पात्ले सामुदायिक स्वास्थ्य एकाईमा मिति २०७९/१०/२९ मा सञ्चालित अ.न.मि. परीक्षामा बैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई एवम् वडा नं १ स्थित सामुदायिक स्वास्थ्य एकाईमा २०७८ आषाढ मसान्तसम्म सेवा करारमा कार्यरत रही हाल सेवामा नरहेका कार्य अनुभव प्राप्त अ.न.मि. लाई २०७९ असार मसान्तसम्मका लागि सेवा करारमा नियुक्त गर्ने । | |
| २. | बैठकमा पेश भएको मालिका गाउँपालिकाको व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७९' माथि छलफल गरी सर्वसम्मत पारित गरियो । | |
| ३. | वडा नं ४ स्थित खाटीखोला झोलुङ्गे पुलको निर्माण कार्य जारी रहेको र उपभोक्ता समितिले म्याद थपका लागि निवेदन पेश गरेकोले २०७९ बैशाख मसान्तसम्मको म्याद थप गरी श्रोत सुनिश्चितताका लागि झोलुङ्गे पुलको कार्यालयमा पत्राचार गर्ने । | |
| ४. | मालिका गाउँपालिकाको प्रशासकीय भवन, इलाका प्रहरी कार्यालयको लागि भवन एवम् दर्बाङ प्राथमिक स्वास्थ्य केन्द्रको भवनका लागि आवश्यक जग्गा व्यवस्थापन गर्न २०७९/१०/१० मा गठित कार्यव्यवस्था परामर्श समितिलाई नै जग्गा खरिद सहजीकरण समितिको रुपमा कामकाज गर्न अधिकार प्रत्यायोजन गर्ने । | |

वेग प्रसाद गर्बुजा
अध्यक्ष

| | | |
|---|---|---|
| ५. | क) वडा नं १ र ३ का क्रमश: धन बहादुर दर्जी र केश बहादुर गर्बुजा आर्थिक रुपमा विपन्न रहेको, निजहरुको घर भत्किएर आवास व्यवस्थापनका लागि जस्ता पाता उपलब्ध गराएको हुँदा वडा कार्यालयबाट सिफारिस भए बमोजिम प्राविधिकको लागत अनुमान बमोजिमको रकम विपद व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने ।<br>ख) वडा नं ३ स्थित छेरबाङ खोला लघु जलविद्युत आयोजनाले पेश गरेको मर्मतको खर्च रकम प्राविधिकको बिल बमोजिमको विपद व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने ।<br>ग) वडा नं ६ तोलावाङ स्थित प्लास्टिकको पाइपयुक्त नाला व्यवस्थापन बापत पेश हुन आएको बिल बमोजिमको रकम विपद व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने ।<br>घ) वडा नं ६ तोलावाङ स्थित सिचाई पाइप व्यवस्थापनमा भएको खर्च विपद व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने ।<br>ङ) वर्षायाममा बाढी तथा पहिरो व्यवस्थापन बापत भएको खर्च आवश्यक सम्पूर्ण कागजात हेरी प्राविधिकको बिल बमोजिम विपद् व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने ।<br>च) वडा नं ४ स्थित ओखरबोट मा.वि. मा शौचालय लगायतका पूर्वाधार मर्मत भई पेश हुन आएका बिल भरपाईको प्राविधिकको लागत बमोजिम आउने खर्च विपद् व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने । | |
| ६. | मिति २०७९/०९/२३ को कार्यपालिका बैठकले कर्मचारी प्रोत्साहन अन्तर्गत प्रोत्साहन उपलब्ध गराउन प्रस्ताव गरेका कर्मचारीको सूचीमा तपसिलका नामहरु थप गर्ने ।<br>-गीता जुग्जाली -बिर बहादुर पुन -धनमाया पुन<br>-बेग प्रसाद राना -तेजिन्द्र राना -होमदेवी खत्री<br>-खसिला गुरुङ -खिसरी गुरुङ -दिनेश यादव | |
| ७. | चालु आ.व. मै गाउँपालिकाको आवधिक योजना तयार गर्न परामर्श सेवा खरिद अन्तर्गतबाट बजेट खर्च लेख्ने गरी खरिद प्रक्रिया अगाडि बढाउने । | |
| ८. | मार्च ८ मा पर्ने अन्तर्राष्ट्रिय नारी दिवसलाई अर्थपूर्ण रुपमा मनाउन सात वटै वडाको लागि दिवसीय कार्यक्रम अन्तर्गतको बजेटबाट खर्च गर्ने गरी अधिकतम १५,००० (अक्षरेपि: पन्ध्र हजार रुपैयाँ मात्र) का दरले उपलब्ध गराउने । | |

हेमराज काफ्ले
प्रमुख प्रशासकीय अधिकृत

वेग प्रसाद गर्बुजा
अध्यक्ष